## बैठक नं.३१

आज मिति २०८०।१०।२४ गते बुधबारका दिन रुन्टीगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय होलेरी, रोल्पाका अध्यक्ष श्री जनक पुनज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक तपसिलका पदाधिकारीको उपस्थितिमा बसि देहाय बमोजिम निर्णय गरियो।

### तपसिल

| क्र.सं. | नामथर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | जनक पुन | अध्यक्ष | रुन्टीगढी ७, रोल्पा | |
| २ | सरिता के.सी. | उपाध्यक्ष | रुन्टीगढी ३, रोल्पा | |
| ३ | थम बहादुर घर्ति | १ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी १, रोल्पा | |
| ४ | भिउलाल पुन मगर | २ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी २, रोल्पा | |
| ५ | गणेश गिरी | ३ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ३, रोल्पा | |
| ६ | भुवन पुन | ४ नं वडा का.बा.अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ४, रोल्पा | |
| ७ | गोविन्द बहादुर डाँगी | ५ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ५, रोल्पा | |
| ८ | घन बहादुर घर्तीमगर | ६ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ६, रोल्पा | |
| ९ | टेकलाल पुन | ७ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ७, रोल्पा | |
| १० | तुल्सी पुन | ८ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ८, रोल्पा | |
| ११ | चेतलाल खत्री | ९ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ९, रोल्पा | |
| १२ | रेशमा बहकरी | कार्यपालिका सदस्य | रुन्टीगढी ८, रोल्पा | |
| १३ | प्रेमा वि.क. | कार्यपालिका सदस्य | रुन्टीगढी ६, रोल्पा | |
| १४ | रिता के.सी. | कार्यपालिका सदस्य | रुन्टीगढी ५, रोल्पा | |
| १५ | गंगा वि.क. | कार्यपालिका सदस्य | रुन्टीगढी २, रोल्पा | |
| १६ | रेख बहादुर वि.क. | कार्यपालिका सदस्य | रुन्टीगढी १, रोल्पा | |
| १७ | गिरीराज कामी | कार्यपालिका सदस्य | रुन्टीगढी ३, रोल्पा | |
| १८ | रेमन्त बहादुर डाँगी | प्रमुख प्रशासकीय अधिकृत | रुन्टीगढी गाउँपालिका | |
| १९ | सानुबाबु खड्का | प्रशासन अधिकृत | रुन्टीगढी गाउँपालिका | |
| २० | झग्गु के. सी. | लेखा अधिकृत | रुन्टीगढी गाउँपालिका | |
| | | | | |
| | | | | |

प्रस्ताव तथा निर्णयहरुः

१. समपुरक र विशेष अनुदानका लागि योजना माग सम्बन्धमा।  ।
२. सुरक्षित नागरिक आवास सम्बन्धमा।
३. बहुक्षेत्रीय पोषण कार्यक्रम स्वीकृत सम्बन्धमा।
४. कानून निर्माण सम्बन्धमा।
५. भूमि सम्बन्धी सहजिकरण समिति गठन तथा सेवाकेन्द्र निर्माण सम्बन्धमा।
६. बेरोजगार व्यक्तिको सूची सार्वजनिक गर्ने सम्बन्धमा।
७. विविध।

निर्णय नं १.

आ ब २०८१।०८२ का लागि प्रदेश तथा स्थानीय तहबाट संघीय समपुरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना कार्यक्रमका लागि राष्ट्रिय योजना आयोगबाट मिति २०८०।०८।३० मा प्रस्ताव आह्वान भएकोले सो अनुसार यस गाउँपालिकाबाट देहाय बमोजिम समपुरक अनुदान तथा विशेष अनुदानका लागि योजना छनौट गर्ने।

तपसिलः

**क) समपुरक अनुदानका लागि छनौट भएका योजना**

१. सुरक्षित नागरिक आवास कार्यक्रम
२. खर्चे रुन्टी जोडने मोटरबाटो वडा नं ९
३. होलेरी दुविडाँडा जोडने मोटरबाटो वडा नं ५
४. होलेरी देखि शिवपार्वति जोड्ने मोटरबाटो स्तरोन्नति वडा नं ७

**ख) विशेष अनुदानका लागि छनौट भएका योजना**

१. छरछरे अपुते लिफ्टीङ खानेपानि योजना वडा नं ८
२. घोर्ले मुहान लिफ्टीङ खानेपानि योजना वडा नं ८
३. इत्रिबाङ पधेरा सेतबाङ कोलम्पा लिफ्टीङ खानेपानि योजना वडा नं २
४. नारेखोला राम्ली लिफ्टीङ खानेपानि योजना वडा नं १
५. फानिखोला लिफ्टीङ खानेपानि योजना वडा नं ५
६. साम्री नारायणपुर लिफ्टीङ खानेपानि योजना वडा नं ९

निर्णय नं २.

चालु आ ब मा प्रदेश सरकार समपुरक अनुदान अन्तर्गत सुरक्षित नागरिक आवास कार्यक्रमका लागि बिनियोजित बजेट अनुसार कार्य गर्न यस अघि मिति २०८०।०७।२२ को कार्यपालिका बैठकबाट गाउँपालिका तथा वडागत रुपमा कोटा बाँडफाँड भए अनुसार वडा समितिको निर्णय र वडाको सिफारिस सहित प्राप्त तपसिल बमोजिमका लाभग्राहीहरुको छनौट भएकोले निजहरुसँग सम्झौता गर्ने र सो अनुसारको कार्य सम्पन्न भएपछि सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि,२०७५ बमोजिको रकम भुक्तानि दिने।

तपसिल

**<u>निर्णय नं ३.</u>**

रुन्टीगढी गाउँपालिकामा बहुक्षेत्रीय पोषण तथा खाद्य सुरक्षाको समितिको सिफारिस अनुसार बहुक्षेत्रीय पोषण अन्तर्गत आ.ब. २०८०।८१ को लागि तपसिल बमोजिमको कार्यक्रम स्वीकृत गर्ने।

तपसिल

| क्र. स. | प्रस्तावित क्रियाकलापहरु | विषयगत क्षेत्रहरु | पटक | नेपाल सरकार शसर्त अनुदान | स्तानीय तह बाट थप | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | गा पा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको नियमित बैठक | शुशासन | २ | ५०००० | | ५०००० |
| २ | वडा स्तरिय पोषण तथा खाद्य शुरक्षा निर्देशक समिति बैठक | शुशासन | ९ | ८०००० | | ८०००० |
| ३ | पोषण स्वयम सेवकको मासिक तलब यातायात खर्च मासिक सचार इन्टरनेट तथा पोषाक खर्च | शुशासन | १ | २४०००० | | २४०००० |
| ४ | आमा समुह तथा सहकारी आयआर्जन सुधार अनुदानका लागि | महिला तथा बालवालिका | १ | २००००० | | २००००० |
| ५ | छनौट भएको समुह वा सहकारीलाई व्यावसायिक योजना सम्बन्धि १ दिने अभिमुखिकरण। | महिला तथा बालवालिका | १ | ३०००० | | ३०००० |
| ६ | पोषण विशेष (स्वास्थ्य) क्षेत्रका कार्यक्रम सञ्चालन। | स्वास्थय | १ | १५०००० | | १५०००० |
| ७ | सुनौला हजार दिन भित्र पर्ने आमा तथा सक्रिय कृषकहरुको छनौट च्याउ खेती का लागि निःशुल्क अनुदान। | कृषि शाखा | १ | १००००० | | १००००० |
| ८ | सुनौला हजार दिन भित्र पर्ने आमा तथा सक्रिय कृषकहरुको छनौट गरि बँगुर पालनका लागि अभिमुखिकरण । | पशु शाखा | १ | १००००० | | १००००० |
| ९ | विधालयमा किशोरीहरु लाई महिनावारी को समयमा स्वच्छता सम्बन्धि अभिमुखिकरण । | खानेपानी तथा सरसफाई | १ | ५०००० | | ५०००० |
| | जम्मा | | | १०,००,००० | | १०,००,००० |

**<u>निर्णय नं ४.</u>**

रुन्टीगढी गाउँपालिकाको मिति २०८०।०८।२८ को कार्यपालिका बैठकबाट सैद्धान्तिक स्वीकृत प्राप्त भई तपसिल बमोजिमका निर्माण भएका कार्यविधिका मस्यौदा विषयगत समितिमा दफावार छलफल भई पारित भइ कार्यपालिकामा पेश भएकोले ती मस्यौदा स्वीकृत गर्ने।

तपसिल

१. निजि बन विकास तथा व्यवस्थापन कार्यविधि, २०८०

२. सार्वजनिक जग्गामा वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८०

**निर्णय नं ५.**

भूमिहिन दलित भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरुको लगत संकलन सम्बन्धी कार्यविधि २०७८ को दफा ४ (१) बमोजिम गठन हुने सहजिकरण समितिमा ४(१) को खण्ड (घ) बमोजिमका देहायका सदस्यहरु मनोनित गर्ने र सो कार्यविधिको दफा ५ बमोजिम लगत संकलन तथा अन्य कार्यका लागि व्यवस्थापन गर्न प्रशासन अधिकृत श्री सानुबाबु खड्का फोकल पर्सन र आवश्यकता अनुसार अन्य कर्मचारीहरु रहने गरी सेवाकेन्द्र स्थापना गर्ने।

तपसिल

१ गंगा वि.क.

२ रेख बहादुर वि.क.

**निर्णय नं ६.**

आव २०८०/०८१ का लागि इ एम आइ एस प्रणालीबाट निर्धारण गरिएका वेरोजगार व्यक्तिको प्राथमिकीकरण सुचि तपसिल बमोजिम सार्वजनिक गर्ने र सुचिकृत वेरोजगार मध्येबाट प्राथमिकताका आधारमा ७४ जनालाई **वडाबाट** छनौट भई आएका योजनाहरुमा काममा खटाउने यदि सुचिकृत वेरोजगार मध्ये विभिन्न कारणबाट काममा खट्न नसक्ने भएमा प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका बमोजिम अन्य सुचिकृत वेरोजगार व्यक्तिलाई काममा खटाउन रुन्टीगढी गाउँकार्यपालिकामा सिफारिस गर्ने ।

**तपसिल**

| वडा नं. | जम्मा वेरोजगार संख्या | कामका लागि छनौट भएका संख्या |
|---|---|---|
| १ | २८७ | ११ |
| २ | २१५ | १२ |
| ३ | १६५ | ६ |
| ४ | ९१ | ११ |
| ५ | ३५ | ० |
| ६ | १७४ | १८ |
| ७ | ५२ | ० |
| ८ | १५४ | ११ |
| ९ | ७७ | ५ |
| जम्मा | १२५० | ७४ |

**निर्णय नं ७.**

यस गाउँपालिकाको वडा नं ५ दुविडाँडा स्वास्थ्य चौकीमा कार्यरत अ.न.मी. बब्ली दशौंदीले आफ्नो व्यक्तिगत काम विशेषले विदेश जानु पर्ने अबस्था आएको कारण देखाइ मिति २०७८।०८।२८ देखि लागु हुने गरी राजिनामा स्वीकृतिका लागि मिति २०८०।०८।०५ मा रुन्टीगढी गाउँपालिकाको कार्यालयमा पेश गरेको राजिनामाको निवेदन कार्यालयको मिति २०८०।१०।०९ को निर्णयबाट स्वीकृत भएकोले उक्त निर्णय अनुमोदन गर्ने।

निर्णय नं ८.

रुन्टीगढी गाउँपालिका अन्तर्गत संचालित नि.मा.वि. तहमा ४ र प्रा.वि. तहमा १३ गरी जम्मा १७ जनाको व्यवस्थापनका लागि गाउँपालिका शिक्षण सिकाइ अनुदानबाट सेवा सुविधा पाउने गरी विनियोजन भएको रकमबाट निजहरुले पाउने सेवा सुविधा निर्धारण गर्ने सम्बन्धमा शिक्षा समितिको मिति २०८०।०६।२४ को बैठकबाट भएको निर्णय अनुमोदनका लागि प्रस्ताव पेश भई आएकोले सो प्रस्ताव अनुसार गर्ने गरी स्वीकृती प्रदान गर्ने।

निर्णय नं ९.

संघीय सरकारको सशर्त अनुदान अन्तर्गत कृषि स्नातक करार सेवाको लागि रु ५,००,०००/- रकम विनियोजन भई आएको र कृषि शाखामा कामको बोझलाई समेत दृष्टिगत गरी करार सेवामा कृषि अधिकृत भर्ना गर्नु पर्ने भएको हुनाले सो को विज्ञापन गर्ने।

निर्णय नं १०

यस रुन्टीगढी गाउँपालिकाका विभिन्न वडाहरुबाट आर्थिक सहयोगका लागि आएका निवेदन तथा अन्य आर्थिक सहयोगका निवेदन माथि छलफल गर्दा निवेदकलाई परेको स्वास्थ्य समस्याको जटिलता, कमजोर आर्थिक अबस्था र घरको आयस्रोतलाई मध्यनजर गर्दै त्यसरी आर्थिक सहयोग माग गरि निवेदन दिएका तपसिलका व्यक्तिहरुलाई आर्थिक सहायता कार्यविधि, २०७९ बमोजिम दोहोरो सुविधा प्राप्त नहुने गरी आर्थिक सहयोग दिने।

तपसिलः

| क्र सं | नामथर | ठेगाना | समस्या | रकम |
|---|---|---|---|---|
| १ | प्रेम चलाउने | रुन्टीगढी ७ बलबाङ | बाँया खुट्टामा क्यान्सर भएको | रु.१०,०००/- |
| २ | पिमलाल घर्ति | रुन्टीगढी ८ रानबन | छोराको क्यान्सरको उपचारको लागि | रु.७,०००/- |
| ३ | बसन्ती नेपाली | रुन्टीगढी ६ रोल्पा | छोराको पेटको उपचारको लागि | रु.८,०००/ |
| ४ | भिउराज घर्ति | रुन्टीगढी ५ बाइजा | लामो समयदेखि विरामी परेको | रु.१०,०००/- |
| ५ | अमलाल बोहरा | रुन्टीगढी २ रोल्पा | घाँटीको क्यान्सर | रु.१०,०००/- |
| ६ | प्रकाश वि क | रुन्टीगढी १ रोल्पा | हातको रड निकाल्नको लागि | रु.७,०००/- |